**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८१।०४।३१ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

मधेश प्रदेशको गृह मन्त्रालयबाट आर्थिक वर्ष २०७७/०७८ मा ईलाका प्रहरी कार्यालय, गौशाला, महोत्तरीको कम्पाउण्ड वाल निर्माण कार्यमा गुणस्तरहीन कार्य गरेको एवं डिजाइन सम्झौता भन्दा फरक गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ जनकपुरधाममा कार्यरत तत्कालीन उपसचिव अवधकिशोर प्रसाद कुशवाहा, पूर्वाधार विकास कार्यालय, धनुषाका तत्कालीन निमित्त प्रमुख रविचन्द्र पजियार र करार सेवामा कार्यरत तत्कालीन इन्जिनियर राममनिज यादव**ले आर्थिक वर्ष २०७७/०७८ मा साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २, जनकपुरधामबाट भएको ठेक्का नं. MOIALP२/SQ/WORKS/२०७७/०७८-१ को ईलाका प्रहरी कार्यालय गौशाला, महोत्तरीको कम्पाउण्ड वाल निर्माण कार्यमा ठेक्का प्रक्रियादेखि भुक्तानी सम्मको कार्यमा संलग्न रही फिल्डमा हुँदै नभएको कार्यको काम भएको हो भनी नापी किताब, बिल र सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरु तयार एवं प्रमाणित गरी भुक्तानी आदेश र गोश्वारा भौचर सदर गरी रु.५,३१,४२८।७० (पाँच लाख एकतीस हजार चार सय अठ्ठाइस रुपैयाँ पैसा सत्तरी) बढी भुक्तानी गराई गैरकानुनी लाभ पुऱ्याएको र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याएको पुष्टि भएको देखिंदा निजहरु अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार र राममनिज यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.५,३१,४२८।७० (पाँच लाख एकतीस हजार चार सय अठ्ठाइस रुपैयाँ पैसा सत्तरी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन एवं निजहरु अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार र राममनिज यादवले प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी भुक्तानीको लागि पेस गरी सोही प्रतिवेदनको आधारमा भुक्तानीसमेत भएको देखिँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ।

**जायसवाल कन्स्ट्रक्सनका निर्माण व्यवसायी/सञ्चालक राकेश प्रसाद जायसवा**लले आर्थिक वर्ष २०७७/०७८ मा साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २, जनकपुरधामबाट भएको ठेक्का नं. MOIALP२/SQ/WORKS/२०७७/०७८-१ को ईलाका प्रहरी कार्यालय गौशाला, महोत्तरीको कम्पाउण्ड वाल निर्माण कार्यमा मिलेमतो गरी फिल्डमा कार्य सम्पन्न नभएको भए तापनि फिल्डमा भए गरेको भनी वास्तविक कार्य भन्दा बढी मूल्याङ्कन गराई भुक्तानी माग गरी रु.५,३१,४२८।७० बढी भुक्तानी लिएको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.५,३१,४२८।७० (पाँच लाख एकतीस हजार चार सय अठ्ठाइस रुपैयाँ पैसा सत्तरी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे